माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
५ नं. प्रदेश नेपाल
२०७३

**आज मिति २०७७ साल असार २२ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

**प्रस्तावहरु**

१. विद्यांलयलाई अनुदान सम्बन्धमा

२. आर्थिक सहायता सम्बन्धमा ।

३. कोभिड विशेष कृषि कार्यक्रमका कृषक छनोट सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले गाउँपालिका भित्रका तपशिलका बमोजिमका विद्यालयहरुलाई शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक पर्ने शिक्षकहरुको न्युन अवस्थालाई संबोधन गर्न गाउँपालिकाले प्रा.वि. तहको सबै विद्यालय तहमा गणित र विज्ञान शिक्षकलाई एउटैं समुहमा राखि शिक्षक तालिम कार्यक्रम मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम प्रदेश नं. ५ बाट विनियोजन भएको रु. १ लाख ५० हजारलाई कोभिड- १९ रोगका कारण तालिम संचालन गर्न नसकिएकाले अनुदानको रुपमा हालिदिने निर्णय गरियो ।

**तपशिल विद्यालयहरु**

१. श्री गणेश आधारभुत विद्यालय ढिकावन रु. १ लाख

२. श्री स्वर्गद्धारी प्रा.वि. सिरुवारी रु ५० हजार

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. १ तिरामको कुमाल्टार निवासी राम बहादुर सुनारीकी श्रीमति कृष्ण सुनार मानसिक रोगि भएको र निजको आर्थिक अवस्था पनि अत्यन्तै कमजोर भएकाले औषधि यपचार गर्नका लागि गाउँपालिका अन्य सहायता शिर्षकबाट खर्च हुने गरि रु. १५ हजार सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश नं. ५ प्रदेश सरकारले कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत माण्डवी गाउँपालिकालाई दिएको ४३ लाख रुपियाले कोभिड लक्षित व्यवसायिक तरकारी खेति प्रर्वद्धन कार्यक्रम र विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम अन्तर्गत प्राप्त अनुदान रकमलाई गाउँपालिकाले प्रकाशन गरेको सूचना मुताविक रित पुर्वक आएका निवेदन उपर कोभिड विशेष कृषि कार्यक्रम २०७७ बमोजिम गठन गरिएको कार्यक्रम व्यवस्थापन समितिले छनोट गरेका तपशिलमा उल्लेखित कृषकहरुलाई अनुदान रकम दिने निर्णय गरियो ।

प्रमाणित गर्ने

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत